# बिश्व बिद्यालय शिक्षामा सुधार किन र कसरी?

डा. गिरिधारी शर्मा पौडेल
उपाध्यक्ष
प्रदेश नीति तथा योजना आयोग
१३ माघ २०७६
पृथ्वी नारायण क्याम्पस, पोखरा

# यस प्रस्तुतिमा समाबेस भएका बिषय

- उच्च शिक्षासँग सरकारका अपेक्षा के हुन ?
- बिश्व बिद्यालयका उद्देस्य कस्ता छन ?
- नेपालमा उच्च शिक्षा दिने संस्था कति छन र सरकारले शिक्षामा कति लगानि गर्छ?
- नेपालका बिश्व बिद्यालयमा कति बिद्यार्थी छन र के बिषय पढ्छन?
- नेपालका बिश्व बिद्यालयमा साधारण र प्राबिधिक बिषय पढने बिद्यार्थी कति छन?
- उच्च शिक्षा सुधार कार्यक्रमका उपलब्धि र कमजोरि के हुन?
- उच्च शिक्षा बिकासमा हामिले के गल्ति गरयौ?
- सरकारका भाबि योजना के छन र ती योजनासँग उच्च शिक्षालाई कसरी जोडने ?
- उच्च शिक्षा बिकासका भाबि चुनौति के हुन ?
- उच्च शिक्षा सुधारका भाबि कार्यदिशा के हुन ?
- सरकार र बिश्व बिद्यालय बिच कस्तो सम्बन्ध हुने?
- उच्च शिक्षा सुधार गर्न अब के गर्ने ?

# उच्च शिक्षासँग सरकारका अपेक्षा के हुन?

- शिक्षालाई सीपसँग
- सीपलाई उत्पादनसँग
- उत्पादनलाई बजारसँग
- बजारलाई रोजगार सँग र
- रोजगारलाई प्रदेशको आर्थिक विकास, समृद्धि र जनताको सुखसँग जोड्न सक्ने जनशक्ति उत्पादन गर्न उच्च शिक्षासँग सरकारका अपेक्षा हुन ।

# बिकासशिल देशका बिश्व बिद्यालयका उद्देस्य कस्ता छन ?

- **त्रिभूवन बिश्व बिद्यालयः** “नेपालको बिकासको लागि दक्ष जनशक्ति उत्पादन गर्ने”
- **ढाका बिश्व बिद्यालयः** “नयां ज्ञान आर्जन गर्ने र आंफना बिद्यार्थी मार्फत समुदायमा लैजाने”
- **ईन्डियन ईन्सटिचुट अफ टेक्नोलोजीः** “भारतको औद्योगिकरणको लागि चाहिने प्राबिधिक जनशक्ति (ईन्जिनियर) उत्पादन गर्ने”

# मध्यम आय भएका देशका बिश्व बिद्यालयका उद्देस्य कस्ता छन ?

- **युनिभरसिटि अफ हङ्कङ्ग:** "बिद्यार्थीलाइ जिबन पर्यन्त कामकाजि शिक्षा दिने र नबिनतम खोज र ब्याबस्थापन सुदृढ गर्ने "
- **पेकिङ्ग बिश्व बिद्यालय:** "आधुनिकिकरण प्रकृयामा देशले माग गरेको बिशिष्टिकृत ज्ञान र ब्याबसायीक सिप भएको जनशक्ति उत्पादन गर्ने"
- **मास्को बिश्वबिद्यालय:** "एप्लाईड बिज्ञानमा जोड दिएर देशलाइ चाहिने बिज्ञहरु उत्पादन गर्ने"
- **एसियन इन्सिटिचुट अफ टेक्नोलोजी:** "एसियामा बिकासको नेतृत्व लिने ब्याबसायी नेता उत्पादन गर्ने र उनिहरुलाइ बिश्व बजारसंग जोडने"

# उच्च आय भएका देशका बिश्व बिद्यालयका उद्देस्य कस्ता छन ?

- **सिङ्गापुर प्राबिधिक बिश्व बिद्यालय:** "सिङ्गापुरलाइ चाहिने सबै प्राबिधिक जनशक्ति उत्पादन गर्ने"
- **टोकियो बिश्व बिद्यालय:** "औद्योगिक प्रतिष्ठान, सरकार र शिक्षा क्षेत्रको लागि चाहिने जनशक्ति उत्पादन गरी जनताको आकांक्षा पुरा गर्ने"
- **क्यामब्रिज बिश्व बिद्यालय:** "शिक्षा, सिकाइ र अनुसन्धान वाट अन्तराष्ट्रिय तहमा पहिचान बनाउन सक्षम नेता उत्पादन गर्ने"
- **हारभर्ड बिश्व बिद्यालय:** "शिक्षा, सिकाइ र अनुसन्धान मार्फत बिभिन्न बिधाका नेताहरुको बिकास गर्ने जसले बिश्वलाइ फरक बनाउन मद्दत गर्दछन"
- **अक्फोर्ड बिश्व बिद्यालय:** "शिक्षण, सिकाइ र अनुसन्धानको बिश्व केन्द्र बन्ने"

# हाल नेपालमा उच्च शिक्षा दिने कति संस्था संञ्चालनमा छन ? = १७

## बिश्व बिद्यालय

१. त्रिभूवन बिश्व बिद्यालय, २०१६
२. नेपाल संस्कृत बिश्व बिद्यालय, २०४३
३. काठमाण्डौ बिश्व बिद्यालय, २०४८
४. पूर्वाञ्चल बिश्व बिद्यालय, २०५०
५. पोखरा बिश्व बिद्यालय, २०५५
६. मध्य पश्चिमाञ्चल बिश्व बिद्यालय, २०६७
७. सुदुर पश्चिमाञ्चल बिश्व बिद्यालय, २०६७
८. कृषि तथा वन बिश्वबिद्यालय, २०६७
९. लुम्बिनी गौतमबुद्ध बिश्व बिद्यालय, २०६१
१०. खुल्ला बिश्व बिद्यालय, २०७३
११. राजर्षि जनक बिश्व बिद्यालय, २०७४
१२. गण्डकी बिश्व बिद्यालय (गण्डकी प्रदेशले कानुन पास गरेको), २०७६
१३. मनमोहन बिश्व बिद्यालय (प्रदेश १ ले कानुन पास गरेको), २०७६
१४. मदन भण्डारी प्राबिधिक बिश्व बिद्यालय (कानुन निर्माणको क्रममा)
१५. प्रदेश ५ को बिश्व बिद्यालय (कानुन निर्माणको क्रममा)
१६. योगमाया आयुरबेद बिश्व बिद्यालय (छलफलको क्रममा)


## स्वास्थ बिज्ञान प्रतिष्ठान

१. बि. पि. कोईरला स्वास्थ बिज्ञान प्रतिष्ठान, धरान, २०४९
२. राष्ट्रिय चिकित्सा प्रतिष्ठान, काठमाण्डौ, २०६३
३. पाटन स्वास्थ बिज्ञान प्रतिष्ठान, ललितपुर, २०६४
४. कर्णालि स्वास्थ बिज्ञान प्रतिष्ठान, जुम्ला, २०६८
५. पोखरा स्वास्थ बिज्ञान प्रतिष्ठान, पोखरा, २०७२
६. रापति स्वास्थ बिज्ञान प्रतिष्ठान, दाङ्ग , २०७४


# हाल नेपालमा कति क्याम्पस छन ? = १४०८

- हाल देशभरमा ११ वटा बिश्व बिद्यालय र १४०८ क्याम्पस संञ्चालनमा छन ।
- ११ वटा बिश्व बिद्यालयका ९९ आङ्गिक, ५३२ सामुदायीक र ७७७ निजी क्याम्पसहरु छन ।
- त्रिभुवन बिश्व बिद्यायलका मात्र ६० वटा आङ्गिक, ११०१ सम्बन्धन प्राप्त गरी ११६१ क्याम्पस छन ।


# नेपालका उच्च शिक्षा दिने संस्थामा कति बिद्यार्थी छन? =४,८६,६२३




# हाल नेपालका उच्च शिक्षा दिने संस्थामा कुन बिषयमा कति बिद्यार्थी छन ?




# हाल नेपालका उच्च शिक्षा दिने संस्थामा साधारण र प्राबिधिक बिषयमा अध्यन गर्ने बिद्यार्थीको अनुपात कस्तो छ? = ८०:२०




# हाल नेपालका उच्च शिक्षा दिने संस्थामा कति प्रतिशत बिद्यार्थी बार्षिक पाश हुन्छन? =१८.७ प्रतिशत



# नेपाल सरकारले शिक्षामा कति लगानि गर्छ? =बार्षिक १ खर्ब ३४ अरब



# बिदेस पढनजान शिक्षा मन्त्रालयबाट नो अब्जेक्सन लेटर लिने बिद्यार्थीको संख्या कति छ?



# कुन गभरनेन्सका क्याम्पसमा बढी बिद्यार्थी छन? = निजी

- निजी क्याम्पसमा ३८.९ प्रतिशत
- सामुदायिक क्याम्पसमा २८.५ प्रतिशत
- सरकारी आङ्गिक क्याम्पसमा ३२.६ प्रतिशत
- त्रिभूवन बिश्व बिद्यालयमा पनि कुल ३,९२,४०० बिद्यार्थी मध्य १,४२,२९३ बिद्यार्थी (३६ प्रतिशत) मात्र आङ्गिक क्याम्पसमा पढछन

# गण्डकी प्रदेशमा कति क्यामपस छन ? =१३९

- गण्डकी प्रदेशमा निजि, सामुदायिक र आङ्गिक गरी १३९ क्याम्पस छन।
- यी क्पाम्पसहरुमा अध्ययनरत २९,५०० बिद्यार्थी मध्य ३० प्रतिशत मात्र प्राबिधिक शिक्षा अध्ययन गरिरहेका छन।

# उच्च शिक्षा सुधारका प्रयास के हुन?

- त्रिभुवन बिश्व बिद्यालय लक्षित उच्च शिक्षा सुधारका लागि विश्व बैंकको सहयोगमा सन् १९९७ देखि सन् २००२ सम्म पहिलो उच्च शिक्षा सुधार आयोजना ।
- सन् २००७ देखि सन् २०१४ सम्म दोस्रो उच्च शिक्षा सुधार आयोजना ।
- सन् २०१४ देखि २०२० सम्म तेस्रो उच्च शिक्षा सुधार आयोजना सम्पन्न हुदैछ।

# उच्च शिक्षा सुधार आयोजनाले के मा सहयोग गर्छ?

- नयाँ शैक्षिक कार्यक्रम सुरु गर्न ।
- पाठ्यक्रम परिमार्जन गर्न ।
- परीक्षाफल छिटो प्रकाशन गर्न ।
- शैक्षिक संस्थाको गुणस्तर मापन गर्न ।
- शैक्षिक संस्थालाई स्वायत्ततामा रूपान्तरण गर्न ।
- उच्च शिक्षाका अनुसन्धानलाई सहयोग गर्न ।
- गरिब तथा पिछडिएका विद्यार्थीको उच्च शिक्षामा समतामूलक पहुँच बृद्धि गर्न ।
- आयोजनाका लागि विश्व वैंकबाट नेपाललाई ६५ मिलियन अमेरिकी डलर (लगभग छ अर्ब ५० करोड नेपाली रुपैयाँ) सुलभ ऋण सहयोग ।

## उच्च शिक्षा सुधार आयोजनाका मुख्य उपलब्धि के हुन?

- साना पूर्बाधार निर्माण
- पुस्तकालय निर्माण
- ईन्टरनेट ईमेलको पँहुँच बृद्धि
- गरिब जेहन्दार छात्रबृति
- शिक्षकहरुलाई अनुसन्धान सहयोग
- उच्च शैक्षिक संस्थाको गुणस्तर मापन तथा सुनिश्चितता (क्युएए)प्रमाणित
- शोध लेख अन्तर्राष्ट्रिय जर्नलमा प्रकाशन

## उच्च शिक्षा सुधार आयोजनाले नसमेटेका पक्ष के हुन?

- बजारको माग अनुसार उच्च शिक्षाका पाठ्यक्रम अद्याबिधक गर्ने ।
- शिक्षण बिधि परिमार्जन गरी सैद्धान्तिक शिक्षावाट ब्याबहारिक शिक्षामा रुपान्तरण गर्ने।
- शिक्षकहरुको शिक्षण क्षमता अभिबृद्धि गर्ने ।
- साधारण बिषय पढाउने क्याम्पसलाई प्राबिधिक बिषयमा रुपान्तरण गर्ने ।

# उच्च शिक्षा सुधारबारे लेखिएका टिप्पणिहरु कस्ता छन ?

१."त्रिबिबि र यसका पदाधिकारीहरु त्रिबिबिको ठुलो साईजलाई समस्या होईन गौरबको रुपमा हेर्छन र नयाँ बिश्व बिद्यालयलाई बिमातृ सन्तानको ब्यबहार गर्छन । त्यसैले त्रिबिबिबाटै आँङ्गिक क्याम्पसहरु बिकेन्द्रित र स्वायत्त हुने परिकल्पना मृगचरिका मात्र हो"

लोकरन्जन पराजुली, देवेन्द्र उप्रेती र प्रत्यूष वन्त सन २०१५ http://teacher.org.np

२."अहिले बिश्व बिद्यालयहरुको आन्तरिक गभरनेन्स ती संस्थामा भएको दलीयकरणले कमजोर भएको हो। बिश्व बिद्यालयका भिसि, रेक्टर, रजिस्टार र शिक्षक तथा कर्मचारीहरुको भर्ना, सरुवा र बढुवामा दलिय भागबण्डाले बिश्व बिद्यालयको प्राज्ञिक वातावरण कमजोर भएको हो "।

देबेन्द्र उप्रेती, प्रमोद भट्ट, लोकरन्जन पराजुली, र प्रत्यूष वन्त सन २०१६ http://teacher.org.np

३.नेपालका बिश्व बिद्यालयले उच्च शिक्षालाई उद्योग र उत्पादनसम्म पुयाउन सकेनन

# उच्च शिक्षा बिकासमा हामिले के गल्ती गरयौं ?

१. सरकारले जनशक्ति प्रक्षेपण गरी बिश्व बिद्यालयलाई तत किसिमको जनशक्ति उत्पादन गर भनेन र बिश्व बिद्यालयहरुले पनि सरकार संग कस्तो जनशक्ति उत्पादन गरुँ भनेर सोधेनन र आँफनै किसिमले पाठयक्रम बनाइ पठन पाठन गरे । यसले गर्दा सरकार र बिश्व बिद्यालय बिचको सम्बन्ध कमजोर रहयो। बिश्व बिद्यालयका उत्पादन र बजारको माग बिच समन्वय र सहकार्य भएन ।

# उच्च शिक्षा बिकासमा हामिले के गल्ती गरयौं?

२. त्रिभूवन बिश्व बिद्यालयपछि क्रमस हामिले अन्य बिश्व बिद्यालय खोल्दै गयौं तर बिश्व बिद्यालय शिक्षामा शासकिय सुधार र बजारको माग लाइ ध्यान दिएनौं। केही अपबादलाइ छोडेर सबै बिश्व बिद्यालयमा त्रिबिबि ढांचाको नक्कल भयो, संञ्चालक पनि त्याहीवाट ल्याइयो यसले बिश्व बिद्यालयमा सासकिय सुधार भएन, अनुसन्धान र पठन पाठनको गुणस्तर सुध्रेन, र सबै बिश्व बिद्यालय करिब एउटै ढांचामा सञ्चालन भय ।

# उच्च शिक्षा बिकासमा हामिले के गल्ती गरयौं?

३. बिश्व बिद्यालयका संञ्चालकको राजनितिक नियुक्तिले बिश्व बिद्यालयमा शासकिय सुधार भएन। शिक्षण, सिकाइ र अनुसन्धानमा उपयुक्त ध्यान गएन। अझ बिश्व बिद्यालयले निजि क्याम्पसलाइ सम्बन्धन दिने कार्यले बिश्व बिद्यालयको शासकिय सुधारमा नकारात्मक प्रभाब रहयो।

# उच्च शिक्षा बिकासमा हामिले के गल्ती गरयौं?

४. देश साक्षरता प्राप्तीको प्रारम्भिक चरण पार गरी उत्पादन युगतिर प्रबेस गरेको छ । आयतित सामान बेच्ने नाफामुखि अर्थतन्त्रवाट उत्पादनमुखि आत्मनिर्भर अर्थतन्त्र निर्माणको चरणमा प्रबेस गरेकोछ । यस अबस्थामा हाम्रा बिश्व बिद्यालयले बजारको मागलाइ आत्मसाथ गर्न सकेका छैनन। पाठयक्रम पुरानै छन, परम्परागत बिषयको बाहूल्य छ, सिप बिहिनिको सैद्धान्तिक पढाइ अग्र भागमा छ । बिश्व बिद्यालय शिक्षा बजारको माग अनुसार परिमार्जन हुन सकेको छैन ।

# सरकारका भाबि योजना के छन र ती योजनासँग उच्च शिक्षालाई कसरी जोडने

# गण्डकी प्रदेशका प्रथम पञ्चबर्षीय योजनाका उद्देश्यहरु के हुन ?

१. उत्पादन र उत्पादकत्व वृद्धि गर्दै समाजवाद उन्मुख आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्ने ।

२. पर्यटन, कृषि, ऊर्जा, उद्योग, पूर्वाधार र मानव संशाधनको विकास र सुशासनको माध्यमबाट समतामूलक तथा फराकिलो उच्च आर्थिक वृद्धि हासिल गरी समृद्ध प्रदेशको आधारशीला निर्माण गर्ने ।

३. गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई तथा स्वच्छ वातावरणमा पहुँच पुर्‍याई सवै नागरिकलाई सामाजिक सुरक्षा र सुशासनको अनुभूति गराउने ।

# समृद्धिका लक्ष्य के हुन र बिश्व बिद्यालयलाई कसरी जोडने ?

| क्रम संख्या | समृद्धिका सूचक | ईकाइ | राष्ट्रिय लक्ष्य | | | गण्डकी प्रदेशका लक्ष्य | | | | स्थानीय तहका लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | आधार बर्ष २०७५/७६ | बि.सं २०८०/८१ | बि.सं २१०० | आधार बर्ष २०७५/७६ | बि.सं २०८०/८१ | बि.सं २०८७ | बि.सं २१०० | |
| १ | आर्थिक वृद्धिदर (औसत) | प्रतिशत | ६.८ | ९.६ | १०.५ | ७.१ | १०.२ | १०.५ | ११.० | |
| २ | प्रतिव्यक्ति कुल आय | अ.डलर | १०४७ | १५९५ | १२१०० | १०४३ | १९५६ | ३७२१ | १५७२९ | |
| ३ | कुल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान | प्रतिशत | २७.० | १९.४ | ९.० | २८.२ | २३.७ | १७.० | ८.५ | |
| ४ | कुल ग्राहस्थ उत्पादनमा उद्योग क्षेत्रको योगदान | प्रतिशत | १५.२ | १६.७ | ३०.० | १४.२ | २२.४ | ३०.० | ५२.९ | |
| ५ | कुल ग्राहस्थ उत्पादनमा सेवा क्षेत्रको योगदान | प्रतिशत | ५७.८ | ६४.२ | ६१ .० | ५७.६ | ५३.९ | ५३.० | ३८.६ | |
| ६ | आम्दानीमा माथिल्लो १० र तल्लो ४० प्रतिशत जनसंख्याको अनुपात (Palma Ratio) | अनुपात | १ .३ | १ | १ | १.४ | १ | १ | १ | |
| ७ | सम्पत्तिमा आधारित जिनी गुणक (Gini Coefficient) | गुणक | ०.३१ | ०.२९ | ०.२५ | ०.३७ | ०.२६ | ०.२३ | ०.२० | |

# समृद्धिका लक्ष्य के हुन र बिश्व बिद्यालयलाई कसरी जोडने ?

| क्रम संख्या | समृद्धिका सूचक | ईकाइ | राष्ट्रिय लक्ष्य | | | गण्डकी प्रदेशका लक्ष्य | | | | स्थानीय तहका लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | आधार बर्ष २०७५/७६ | बि.सं २०८०/८१ | बि.सं २१०० | आधार बर्ष २०७५/७६ | बि.सं २०८०/८१ | बि.सं २०८७ | बि.सं २१०० | |
| ८ | अपेक्षित आयु (जन्म हुँदाको) | बर्ष | ६९.७ | ७२ | ८० | ७१.७ | ७७ | ८० | ८२ | |
| ९ | मातृ मृत्युदर (प्रतिलाख जिबित जन्ममा) | संख्या | २३९ | ९९ | २० | २३९ | ९९ | ७० | १५ | |
| १० | पाँचबर्ष मुनिका वाल मृत्युदर (प्रतिहजार जिबित जन्ममा) | संख्या | ३९ | २४ | ८ | २७ | २२ | १५ | ६ | |
| ११ | शाक्षरता दर (१५ वर्ष माथि) | प्रतिशत | ५८ | ९० | ९८ | ५५.६ | ९५ | ९८ | ९९.५ | |
| १२ | युवा शाक्षरता दर (१५ देखि २४ वर्ष) | प्रतिशत | ८५ | ९९ | १०० | ८६ | ९९ | ९९.० | १०० | |
| १३ | आधारभूत तहमा (१ देखि ८ कक्षामा) खुद भर्ना दर | प्रतिशत | ९२.३ | ९९.५ | १०० | ९४.८ | ९९.५ | ९९.८ | १०० | |
| १४ | श्रमशक्ति सहभागिता दर | प्रतिशत | ३८.५ | ४८.५ | ७२ | ३५.७ | ५० | ६० | ७५ | |
| १५ | बेरोजगारी दर | प्रतिशत | ११.४ | ६ | ३ | ९ | ४ | २ | १ | |

# समृद्धिका लक्ष्य के हुन र बिश्व बिद्यालयलाई कसरी जोडने ?

| क्रम संख्या | समृद्धिका सूचक | ईकाइ | राष्ट्रिय लक्ष्य | | | गण्डकी प्रदेशका लक्ष्य | | | | स्थानीय तहका लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | आधार बर्ष २०७५/७६ | बि.सं २०८०/८१ | बि.सं २१०० | आधार बर्ष २०७५/७६ | बि.सं २०८०/८१ | बि.सं २०८७ | बि.सं २१०० | |
| १६ | रोजगारिमा औपचारिक क्षेत्रको अंस | प्रतिशत | ३६.५ | ५० | ७० | ३९.९ | ५५ | ६५ | ७५ | |
| १७ | राष्ट्रिय/प्रादेशिक लोकमार्ग (कालोपत्रे) | किमि | ६९७९ | १५००० | ३३००० | ९३७ | ३४५० | ६९५० | १२९३७ | |
| १८ | दुर्त लोकमार्ग (पोखरा दुम्किवास) | किमि | ७६ | ७६ | २००० | ० | ० | ७० | १०० | |
| १९ | रेलमार्ग | किमि | ४२ | २०० | २२०० | ० | ८० | १८० | २०० | |
| २० | ३० मिनेटको दुरिमा यातायातको पहुँच भएका घर परिवार | प्रतिशत | ७८.९ | ९५ | ९९ | ८० | ९६ | ९८ | ९९ | |
| २१ | बिद्युतमा पहुँच पुगेका घरपरिवार | प्रतिशत | ९०.७ | ९९ | १०० | ८२.५ | १०० | १०० | १०० | |

# समृद्धिका लक्ष्य के हुन र बिश्व बिद्यालयलाई कसरी जोडने ?

| क्रम संख्या | समृद्धिका सूचक | ईकाइ | राष्ट्रिय लक्ष्य | | | गण्डकी प्रदेशका लक्ष्य | | | | स्थानीय तहका लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | आधार बर्ष २०७५/७६ | बि.सं २०८०/८१ | बि.सं २१०० | आधार बर्ष २०७५/७६ | बि.सं २०८०/८१ | बि.सं २०८७ | बि.सं २१०० | |
| २२ | आधारभुत खानेपानीको पहुँच पुगेका घरपरिवार | प्रतिशत | ९४.९ | ९९ | १०० | ९१.१ | १०० | १०० | १०० | |
| २३ | ईन्टरनेट प्रयोगकर्ता | प्रतिशत | ५५.४ | ७५ | १०० | ४८ | ८० | ९० | १०० | |
| २४ | जलविद्युत उत्पादन जडित क्षमता | मेगावाट | १०२० | ५००० | ४०००० | ४४८.५ | ३००० | ६००० | ९००० | |
| २५ | प्रतिब्याक्ति विद्युत खपत | किलोवाट घण्टा | १९८ | ७०० | ३५०० | १९० | ७५० | १७०० | ३८०० | |
| २६ | कृषि उत्पादकत्व (प्रमुख बाली: धान, मकै र गहुँ) | टन हेक्टर | २.९७ | ४ | ६ | २.८ | ४ | ५ | ६ | |

# सुःखका लक्ष्य के हुन र बिश्व बिद्यालयलाई कसरी जोडने ?

| क्रम संख्या | सुखका सूचक | ईकाइ | राष्ट्रिय लक्ष्य | | | गण्डकी प्रदेशका लक्ष्य | | | | स्थानीय तहका लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | आधार बर्ष २०७५/७६ | बि.सं २०८०/८१ | बि.सं २१०० | आधार बर्ष २०७५/७६ | बि.सं २०८०/८१ | बि.सं २०८७ | बि.सं २१०० | |
| १ | गरिबीको रेखामुनी रहेको जनसंख्या (निरपेक्ष गरिबी) | प्रतिशत | १८.७ | ११ | १ | १४.९१ | ७.४ | २ | ० | |
| २ | बहुआयमिक गरिबीमा रहेको जनसंख्या | प्रतिशत | २८.६ | १३ | ३ | १४.२ | ७.२ | २ | ० | |
| ३ | ५ वर्ष मुनिका कम तौल भएका वालवालिका | प्रतिशत | २७ | १५ | २ | २९ | १७.३ | १ | १ | |
| ४ | मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.५७ | ०.६२ | ०.७६ | ०.५९ | ०.६५ | ०.७० | ०.७८ | |
| ५ | आँफ्नै स्वामित्वको आवासमा बसोबास गर्ने परिवार | प्रतिशत | ८५.३ | ८९ | | ८१.७ | ८६ | ९५ | ९५ | |
| ६ | जीवनकालमा शारीरिक वा मानसिक वा यौन हिंसा पीडित महिला | प्रतिशत | २६.३ | १३ | | १६.९ | १० | १ | १ | |

# सु:खका लक्ष्य के हुन र बिश्व बिद्यालयलाई कसरी जोडने ?

| क्रम संख्या | सुखका सूचक | ईकाइ | राष्ट्रिय लक्ष्य | | | गण्डकी प्रदेशका लक्ष्य | | | | स्थानीय तहका लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | आधार बर्ष २०७५/७६ | बि.सं २०८०/८१ | बि.सं २१०० | आधार बर्ष २०७५/७६ | बि.सं २०८०/८१ | बि.सं २०८७ | बि.सं २१०० | |
| ७ | दर्ता भएका लैंगिक हिंसा लगायतका अपराधका घटना र अनुसन्धानको अनुपात | प्रतिशत | ९६.५ | १०० | १०० | ८२.७ | १०० | १०० | १०० | |
| ८ | आधारभूत सामाजिक सुरक्षामा आबद्ध जनसंख्या | प्रतिशत | १७ | ६० | १०० | १७ | ६० | ८० | १०० | |
| ९ | हेलो सरकारमा/हेलो मुख्यमन्त्रीमा प्राप्त उजुरीको फछ्र्यौट | प्रतिशत | ४८.१३ | ९८ | ९९ | ५३ | ९९ | ९९ | ९९ | |
| १० | राष्ट्रिय परिचयपत्र प्राप्त गरेका नेपाली नागरिक | प्रतिशत | ० | १०० | १०० | ० | १०० | १०० | १०० | |
| ११ | पाँच वर्षमुनिका बालबालिकको जन्म दर्ता | प्रतिशत | ५६ | १०० | १०० | ६०.१ | १०० | १०० | १०० | |
| १२ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका घरपरिवार | प्रतिशत | ४८.२ | ७० | १०० | ५६ | ८० | ९० | १०० | |

# उच्च शिक्षा बिकासका भाबि चुनौति के हुन ?

१. साक्षरता अभियानको समयमा खुलेका हाम्रा बिश्व बिद्यालय र क्यामपसहरुलाइ उत्पादन युगका बिश्व बिद्यालय र क्याम्पसमा कसरी रुपान्तरण गर्ने ?

२. बिश्व बिद्यालयका उत्पादन र बजारमा जनशक्तिको माग बिचको खाडलालाइ कसरी सांघुरो बनाउने ?

३. सरकार र बिश्व बिद्यालय बिचको सहकार्य कसरी सुमधुर र सुदृढ बनाउने ?

४. राजनितिक संक्रमणले सिथिल बिश्व बिद्यालय र क्यापसहरुको शासकिय सुधार गरी कसरी यीनिहरुलाइ शिक्षण, सिकाई र अनुसन्धान गर्ने प्राज्ञिक संस्थामा रुपान्तरण गर्ने र बिकासको नेतृत्व गर्न सक्षम जनशक्ति उत्पादन गर्ने ?

# राष्ट्रिय शिक्षा नीति २०७६ ले उच्च शिक्षाबारे के ब्यबस्था गरेको छ?

लक्ष्य

- शिक्षालाई प्रतिसपर्धी, प्रबिधिमैत्री, रोजगारमुलक र उत्पादनमुखि बनाई देशको आबश्यकता अनुरुपको मानब संसाधन बिकास गर्ने ।

उद्देस्य

- उच्च शिक्षाको पँहुच र गुणस्तर अभबृद्धि गरी बिभिन्न क्षेत्रहरुमा नेतृत्व प्रदान गर्न सक्ने योग्य, दक्ष, बैज्ञानिक, नबप्रबर्तनात्मक र अन्तराष्ट्रिय स्तरमा प्रतिसपर्धी र अनुसन्धानमुखी मानब संसाधन बिकास गर्ने ।

रणनीति

- उच्च शिक्षा प्रदायक संस्थाहरुको गुणस्तर अभिबृद्धि गरी उच्च शिक्षालाई राष्ट्रिय आबश्यकता एबं अन्तराष्ट्रिय मान्यता र प्रचलन अनुरुप हुनेगरी सान्दर्भिक बनाउने ।

# उच्च शिक्षा सुधारका भाबि कार्यदिशा के हुन ?

- बजारमा जनशक्तिको माग आँफै बिश्लेषण गर्ने र रुपान्तरणको बाटो पहिचान गर्ने बिश्व बिद्यालयको स्वयत्तता लाई सम्मान गर्ने ।

- आँफ्ना बिकास योजना अनुसार जनशक्तिको माग सरकारले प्रक्षेपण गर्ने र बिश्व बिद्यालयलाइ आबश्यक जनशक्ति उत्पादन गर्न उत्प्रेरीत गर्ने।

# उच्च शिक्षा सुधारका भाबि कार्यदिशा के हुन ?

- सरकार र बिश्व बिद्यालय बिच अन्तरक्रिया बढाउने ।
- सरकारका अनुसन्धानका काम बिश्व बिद्यालयलाइ दिने ।
- बिश्व बिद्यालयलाइ सरकारले आबश्यक जनशक्ति उत्पादन गर्न कोटा दिने ।
- बिश्व बिद्यालय छाता ऐन बनाई तुरुन्तै लागु गर्ने ।
- बिश्व बिद्यालयको ब्याबस्थापन गैरराजनितिक न्यासिक-संरक्षण परिषद मार्फत गर्ने ब्याबस्था मिलाउने ।
- बिश्व बिद्यालय र कलेजको अनुदान बिश्व बिद्यालय अनुदान आयोगले प्रदेशका सामाजिक बिकास मन्त्रालय मार्फत दिने ब्याबस्था गर्ने ।

# सरकार र बिश्व बिद्यालय बिच कस्तो सम्बन्ध बिकास गर्ने?

- सरकार र बिश्व बिद्यालय बिच अन्तरक्रिया बढाउने ।
- बिश्व बिद्यालयले आँफ्नो अनुसन्धान क्षमता बृद्धि गर्ने ।
- उच्च उत्पादन र उत्पादकत्व प्राप्त गर्न सहायक हुने प्रबिधि बिकास गर्न बिश्व बिद्यालयले सघाउने ।
- बिश्व बिद्यालयले आबश्यक जनशक्ति उत्पादन गर्न सरकार संग कोटा र स्रोत माग गर्ने ।
- बिश्व बिद्यालय र उद्योगको सम्बन्ध बिकास गर्ने ।

# उच्च शिक्षा सुधार गर्न के गर्ने? बिश्व बिद्यालय बर्गिकरण र सुदृढिकरण गर्ने

| क्रम संख्या | बर्गिकरण | हालका बिश्विद्यालय | बिश्व बिद्यालय शिक्षा अनुगमन र मूल्यांकन गर्ने निकाय |
|---|---|---|---|
| १ | केन्द्रिय बिश्व बिद्यालय ।<br><br>संघीय सरकारको प्रतक्ष्य सहयोग र समन्वयमा संञ्चालन हुने । | १. त्रिभूवन बिश्व बिद्यालय कीर्तिपूर ।<br>२. प्रस्ताबित योगमाया आयुरबेद बिश्व बिद्यालय ।<br>३. प्रस्ताबित मदन भण्डारी बिश्व बिद्यालय (ईन्जिनियरियङ्ग शिक्षा)<br>४. खुल्ला बिश्व बिद्यालय ।<br>५. राष्ट्रिय स्वास्थ बिज्ञान प्रतिष्ठान । | केन्द्रिय बिश्व बिद्यालय शिक्षा अनुगमन तथा मूल्यांकन समिति गठन गर्ने ।<br><br>यो समितिलाई केन्द्रिय बिश्व बिद्यालको गुणस्तरको साथै बिश्व बिद्यालय र क्याम्पसको संख्या तथा पठन पाठनका बिषय थपघटको ब्याबस्था गर्न सक्ने अधिकार भएको हुने । |

# उच्च शिक्षा सुधार गर्न के गर्ने? बिश्व बिद्यालय बर्गिकरण र सुदृढिकरण

| क्रम संख्या | बर्गिकरण | हालका बिश्विद्यालय | बिश्व बिद्यालय शिक्षा अनुगमन र मूल्यांकन गर्ने निकाय |
|---|---|---|---|
| २ | गण्डकी प्रदेश<br><br>संघीय सरकारको अभिभाबकत्व र प्रदेश सरकारको प्रतक्ष्य सहयोग र समन्वय | १. त्रिभूवन बिश्व बिद्यालय पोखरा । यसमा हालका गण्डकी प्रदेश भित्रका त्रिबिबिका सबै क्याम्पस समेटने ।<br>२. पोखरा बिश्व बिद्यालय । यसका अतिरित्त त्रिबिबि बाहेक अन्य बिश्व बिद्यालयको सम्बन्धनमा संञ्चालित कलेजको सम्बन्धन पनि पोखरा बिश्व बिद्यालयमा सार्ने।<br>३. गण्डकी प्रदेश बिश्व बिद्यालय ।<br>४. पोखरा स्वांस्थ बिज्ञान प्रतिष्ठान । | प्रदेश स्तरिय बिश्व बिद्यालय शिक्षा अनुगमन तथा मूल्यांकन समिति गठन गर्ने।<br><br>यो समितिलाई बिश्व बिद्यालय शिक्षाको गुणस्तर, प्रदेश भित्र बिश्व बिद्यालय र क्याम्पसको संख्या र पठन पाठनका बिषय थपघटको ब्याबस्था गर्न सक्ने अधिकार भएको हुने । |

# उच्च शिक्षा सुधार गर्न के गर्ने? बिश्व बिद्यालय बर्गिकरण र सुदृढिकरण

| क्रम संख्या | बर्गिकरण | हालका बिश्विद्यालय | बिश्व बिद्यालय शिक्षा अनुगमन र मूल्यांकन गर्ने निकाय |
|---|---|---|---|
| ३ | प्रदेश एक<br><br>संघीय सरकारको अभिभाबकत्व र प्रदेश सरकारको प्रतक्ष्य सहयोग र समन्वय | १. त्रिभूवन बिश्व बिद्यालय बिराठनगर । यसमा हालका प्रदेश १ भित्रका त्रिबिबिका सबै क्याम्पस समेटने।<br>२.पूर्वाञ्चल बिश्व बिद्यालय ।यस अन्तरगत हाल त्रिबिबि बाहेक अन्य बिश्व बिद्यालयलको सम्बन्धनमा खुलेका कलेजको सम्बन्धन पूर्वाञ्चल बिश्व बिद्यालयमा स्थान्तरण गर्ने ।<br>३. बिपि कोईरला स्वास्थ बिज्ञान प्रतिष्ठान ।<br>४. मनमोहन बिश्व बिद्यालय । | बिश्व बिद्यालय शिक्षा अनुगमन र मूल्यांकन गर्ने निकाय गण्डकी प्रदेशको जस्तै हुने । |

# उच्च शिक्षा सुधार गर्न के गर्ने? बिश्व बिद्यालय बर्गिकरण र सुदृढिकरण गर्ने

| क्रम संख्या | बर्गिकरण | हालका बिश्विद्यालय | बिश्व बिद्यालय शिक्षा अनुगमन र मूल्यांकन गर्ने निकाय |
|---|---|---|---|
| ४ | प्रदेश २<br><br>संघीय सरकारको अभिभावकत्व र प्रदेश सरकारको प्रतक्ष्य सहयोग र समन्वय | १ त्रिभूवन बिश्व बिद्यालय जनकपुर । यसमा हालका प्रदेश २ भित्रका त्रिबिबिका सबै क्याम्पस समेटने । यसका अतिरित्त अन्य बिश्व बिद्यालयको सम्बन्धनमा संञ्चालित कलेजको सम्बन्धन पनि त्रिभूवन बिश्व बिद्यालयमा जनकपुरमा सार्ने।<br><br>२ राजर्षि जनक बिश्व बिद्यालय । | बिश्व बिद्यालय शिक्षा अनुगमन र मूल्यांकन गर्ने निकाय गण्डकी प्रदेशको जस्तै हुने । |

# उच्च शिक्षा सुधार गर्न के गर्ने? बिश्व बिद्यालय बर्गिकरण र सुदृढिकरण गर्ने

| क्रम संख्या | बर्गिकरण | हालका बिश्विद्यालय | बिश्व बिद्यालय शिक्षा अनुगमन र मूल्यांकन गर्ने निकाय |
|---|---|---|---|
| ५ | प्रदेश ३<br><br>संघीय सरकारको अभिभाबकत्व र प्रदेश सरकारको प्रतक्ष्य सहयोग र समन्वय | १. त्रिभूवन बिश्व बिद्यालय काठमाण्डौ । यसमा हालका प्रदेश ३ भित्रका त्रिबिबिका सबै क्याम्पस समेटने ।<br>२. काठमाण्डौ बिश्व बिद्यालय । यसका अतिरित्त त्रिबिबि र कृषि तथा वन बिद्यालयका बाहेक अन्य अन्य बिश्व बिद्यालयको सम्बन्धनमा संञ्चालित कलेजको सम्बन्धन पनि काठमाण्डौ बिश्व बिद्यालयमा सार्ने।<br>३. कृषि तथा वन बिश्व बिद्यालय ।<br>४. पाटन स्वांस्थ बिज्ञान प्रतिष्ठान । | बिश्व बिद्यालय शिक्षा अनुगमन र मूल्यांकन गर्ने निकाय गण्डकी प्रदेशको जस्तै हुने । |

# उच्च शिक्षा सुधार गर्न के गर्ने? बिश्व बिद्यालय बर्गिकरण र सुदृढिकरण गर्ने

| क्रम संख्या | बर्गिकरण | हालका बिश्विद्यालय | बिश्व बिद्यालय शिक्षा अनुगमन र मूल्यांकन गर्ने निकाय |
|---|---|---|---|
| ६ | प्रदेश ५<br><br>संघीय सरकारको अभिभाबकत्व र प्रदेश सरकारको प्रतक्ष्य सहयोग र समन्वय | १. त्रिभूवन बिश्व बिद्यालय बुटवल ।यसमा हालका प्रदेश ५ भित्रका त्रिबिबिका सबै क्याम्पस समेटने । यसका अतिरिक्त बौद्ध बिश्व बिद्यालय र नेपाल संस्कृत बिस्ब बिद्यालय बाहेक अन्य बिश्व बिद्यालयको सम्बन्धनमा संञ्चालित कलेजको सम्बन्धन पनि त्रिभूवन बिश्व बिद्यालयमा बुटवलमा सार्ने।<br>२. लुम्बिनी बौद्ध बिश्व बिद्यालय ।<br>३. महेन्द्र संस्कृत बिस्ब बिद्यालय ।<br>४. रापती स्वास्थ बिज्ञान प्रतिष्ठान ।<br>५. प्रदेश बिश्व बिद्यालय । | बिश्व बिद्यालय शिक्षा अनुगमन र मूल्यांकन गर्ने निकाय गण्डकी प्रदेशको जस्तै हुने । |

# उच्च शिक्षा सुधार गर्न के गर्ने? बिश्व बिद्यालय बर्गिकरण र सुदृढिकरण गर्ने

| क्रम संख्या | बर्गिकरण | हालका बिश्विद्यालय | बिश्व बिद्यालय शिक्षा अनुगमन र मूल्यांकन गर्ने निकाय |
| --- | --- | --- | --- |
| ७ | कर्णली प्रदेश<br><br>संघीय सरकारको अभिभाबकत्व र प्रदेश सरकारको प्रतक्ष्य सहयोग र समन्वय | १. त्रिभूवन बिश्व बिद्यालय सुर्खेत ।यसमा हालका कर्नाली प्रदेश भित्रका त्रिबिबिका सबै क्याम्पस समेटने ।<br>२. मध्य पश्चिम बिश्व बिद्यालय ।<br>यसका अतिरित्त त्रिबि बाहेक अन्य बिश्व बिद्यालयको सम्बन्धनमा संञ्चालित कलेजको सम्बन्धन पनि मध्य पश्चिम बिश्व बिद्यालयमा सार्ने।<br>३. कर्नाली स्वास्थ बिज्ञान प्रतिष्ठान । | बिश्व बिद्यालय शिक्षा अनुगमन र मूल्यांकन गर्ने निकाय गण्डकी प्रदेशको जस्तै हुने । |

# उच्च शिक्षा सुधार गर्न के गर्ने? बिश्व बिद्यालय बर्गिकरण र सुदृढिकरण गर्ने

| क्रम संख्या | बर्गिकरण | हालका बिश्विद्यालय | बिश्व बिद्यालय शिक्षा अनुगमन र मूल्यांकन गर्ने निकाय |
|---|---|---|---|
| ८ | सुदुर पश्चिम प्रदेश<br><br>संघीय सरकारको अभिभाबकत्व र प्रदेश सरकारको प्रतक्ष्य सहयोग र समन्वय | १ त्रिभूवन बिश्व बिद्यालय धनगढि । यसमा हालका सुदुरपश्चिम प्रदेश भित्रका त्रिबिबिका सबै क्याम्पस समेटने ।<br><br>२ सुदुरपश्चिम बिश्व बिद्यालय ।यसका अतिरित्त त्रिबि बाहेक अन्य बिश्व बिद्यालयको सम्बन्धनमा संञ्चालित कलेजको सम्बन्धन पनि सुदुर पश्चिम बिश्व बिद्यालयमा सार्ने। | बिश्व बिद्यालय शिक्षा अनुगमन र मूल्यांकन गर्ने निकाय गण्डकी प्रदेशको जस्तै हुने । |

धैर्यपूर्बक सुनिदिनु भएकोमा धन्यवाद